# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड२६ ] काठमाडौं, साउन ३१ गते २०३३ साल [ अतिरिक्ताङ्क १२(छ)


# शाही–सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

## राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट असंलग्न राष्ट्रहरूको पाँचौं शिखर सम्मेलनमा भाग लिन कोलम्बोतर्फ सवारी हुनुअगाडि २०३३ साल श्रावण ३१ गते देशवासीका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

असंलग्न राष्ट्रहरूको पाँचौं शिखर सम्मेलनमा भाग लिन श्रीलंकाका प्रधानमन्त्री महामहिम श्रीमती सिरीमाओ बन्दरनायकेको निमन्त्रणामा आज हामी केही दिनको लागि कोलम्बोतर्फ जाँदैछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबै राष्ट्रहरूसंगको मित्रता, सहयोग र सहअस्तित्वमा विश्वास राख्दै आएको नेपालको लागि यसको परराष्ट्र नीतिको मूल आधार असंलग्नता नै सिद्ध भएको छ । असंलग्नताका आदर्श र सिद्धान्तहरूको अनुसरणबाटै विश्व–शान्ति, प्रगति र न्यायको वातावरण कायम हुन सक्दछ भन्ने हाम्रो दृढ विश्वास भएकोले असंलग्न राष्ट्रहरूका सबै शिर्षस्थ सम्मेलनहरूमा नेपालको तर्फबाट उच्चतम स्तरमा प्रतिनिधित्व भएको कुरा सबैलाई विदितै होला । असं–लग्न अभियानलाई बढी क्रियाशील बनाउने दिशामा यो नेपाली प्रतिनिधिमण्डलले पनि सदाको झैं योगदान गर्नेछ ।

हाम्रो अनुपस्थितिमा हामीले गर्नु पर्ने कामको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । यस अवधिमा भैपरि आउने दैनिक प्रशासनिक तथा अन्य कार्य मन्त्रिपरिषद्बाट सञ्चालन हुनेछ । साथै देशमा अमनचैन कायम राखी देश विकास कार्य गर्नमा समस्त देशवासी तथा राष्ट्रसेवकहरू सदा झैं सजग र सतर्क रही अघि बढ्ने छन् भन्ने हाम्रो विश्वास छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल ।

हुकुम बक्से बमोजिम
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

६४

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार